# आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड

## Aarambha Chautari Laghubitta Bittiya Sanstha Limited

"नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था"

प.सं. २०७९/०८०
च.नं. ...९१४...

मितिः २०८०/०१/०४

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरवार प्लाजा, काठमाडौं

**बिषयः सातौं वार्षिक साधारण सभाको निर्णय तथा काम कार्यवाही विवरण पठाईएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि. को २०७९ चैत्र ३० गते विहीबार सम्पन्न सातौं वार्षिक साधारण सभाको निर्णय तथा काम कार्यवाही विवरण (माईन्यूट) यसै साथ संलग्न गरी पठाईएको ब्यहोरा अनुरोध गर्दछु ।

भवदीय,

.....................
शिव प्रसाद ज्ञवाली
(का.मु. प्रमुख कार्यकारी अधिकृत)

केन्द्रीय कार्यालयः बनेपा-१०, काभ्रेपलाञ्चोक, फोन नं.: ०११-६६४५७९, ६६१००८
E-mail: aarambhachautari@gmail.com, Website: www.aarambhachautari.com

# सातौं वार्षिक साधारण सभा

## निर्णय तथा काम कारवाहीको विवरण

## (MINUTE)

१. **बैधानिक सभा :**

आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लिमिटेड सञ्चालक समितिको मिति २०७९ चैत्र ८ गते बसेको १३२औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ६७(२) र वित्तीय संस्थाको नियमावलीको १८(२) अनुरूप सातौं वार्षिक साधारण सभा संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री जगत बहादुर पोखरेलज्यूको अध्यक्षतामा सु सम्पन्न भई देहाय बमोजिम अभिलेख परिएको छ ।

२. **सभाको मिति, समय र स्थान :**

२.१ मिति : २०७९/१२/३० गते (तद्नुसार १३ अप्रिल, २०२३) विहीवार
२.२ समय : बिहान ११:०० बजे ।
२.३ स्थान : बनेपा पार्टी भेन्यू, बनेपा, काभ्रेपलाञ्चोक

३. **उपस्थिति:**

**सञ्चालकहरुको उपस्थिति :**

| | |
|---|---|
| श्री जगत बहादुर पोखरेल | अध्यक्ष |
| श्री दिपक तिवारी | सञ्चालक |
| श्री विनोद ज्ञवाली | सञ्चालक |
| श्री सन्तोष पोखरेल | सञ्चालक |
| श्री केशव राज पन्थी | सञ्चालक |
| श्री बिमल आचार्य | सञ्चालक |

**अन्य पदाधिकारीहरुको उपस्थिति :**

| | |
|---|---|
| श्री शिव प्रसाद ज्ञवाली | कम्पनी सचिव |

साथै संस्थाका शेयर रजिष्टार मुक्तिनाथ क्यापिटल लि.का प्रमुख कार्यकारी अधिकृत श्री कविन्द्र ध्वज जोशी र संस्थाका बाह्य लेखा परीक्षक श्री प्रसिद्ध आचार्य (प्रसिद्ध ए.एण्ड एसोसिएट्स चार्टड एकाउन्टेन्ट्स) को उपस्थिति रहेको थियो ।

## ४ सभाको सूचना प्रकाशन :

४.१ कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम साधारणसभा हुने मिति, समय, स्थान र सभामा छलफल हुने विषयवस्तुहरू सहितका विवरणहरू खुलाई मिति २०७९ चैत्र ९ गते र मिति २०७९ चैत्र १५ गते **आर्थिक अभियान** राष्ट्रिय दैनिक पत्रिकामा २ (दुई) पटक प्रकाशन गरिएको, वित्तीय संस्थाको वेवसाईडमा समेत राखिएको तथा मोबाईल एस एम एस मार्फत शेयरधनी महानुभावहरुलाई जानकारी गराईएको थियो ।

४.२ सञ्चालक समितिको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण तथा सोसंग सम्बन्धित अनुसूचीहरू एवम् अन्य प्रस्तावका विषयवस्तुहरू सहितको वार्षिक प्रतिवेदनको पुस्तिका शेयरधनी महानुभावहरुलाई यथासम्भव उपलब्ध गराईएको र प्राप्त गर्न नसक्नु हुने शेयरधनी महानुभावहरुलाई यसै सभास्थलमा उपलब्ध गराईने व्यहोरा सभा सञ्चालक कम्पनी सचिवले सभामा जानकारी गराउनु भयो ।

## ५. छलफल तथा निर्णयका लागि निर्धारित विषयवस्तुहरु :

### क. सामान्य प्रस्तावहरु

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७८/०७९ को बार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

(२) आर्थिक वर्ष २०७८/०७९ को वार्षिक लेखापरिक्षण प्रतिवेदन तथा सो का आधारमा तयार पारिएको वित्तीय विवरणहरु (वासलात नाफा नोक्सान हिसाव, नगद प्रवाह बिबरण सहितको लेखा बिबरणहरु, निर्देशन अनुसारका अन्य अनुसुचीहरु तथा कर्जा नोक्सानी ब्यबस्थाको विवरण समेत) छलफल गरी पारित गर्ने ।

(३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस वित्तीय संस्थाको आर्थिक बर्ष २०७९/०८० को लेखापरीक्षण कार्यको लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने ।

### ख. विशेष प्रस्तावहरु :

(१) भविष्यमा अन्य कुनै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) गर्ने/हुने प्रयोजनका लागि आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(२) प्रबन्धपत्रको दफा ५ मा रहेको वित्तीय संस्थाको उद्धेश्य प्राप्त गर्न गरिने कामहरुमा विप्रेषण (Remittance) सम्बन्धी कार्यहरु गर्न दफा ५ अन्तर्गत खण्ड (५) थप गर्ने ।

(३) प्रबन्धपत्र र नियमावलीमा संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायहरुबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यनयोजन गर्ने ।

### ग) विविध:

Aarambha Chautari Laghubitta Bittiya Sanstha Ltd.
Estd. 2072

६. **शेयरधनीको उपस्थिति :**

| कुल शेयर संख्या | स्वयं उपस्थित शेयरधनी संख्या | प्रतिनिधिद्धारा उपस्थित शेयरधनी संख्या | जम्मा उपस्थित शेयरधनी संख्या | उपस्थित कुल शेयर संख्या | बाँडफाँड भएको शेयरको सभामा प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| ३६,७१,४३४ | ८२ | २३० | ३१२ | १९,१०९८१ | ५२.०५ |

७. **सभाको वैधानिकता र गणपुरक संख्या :**

१ कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम कम्पनीको पाँचौ वार्षिक साधारण सभा बोलाईएको र कम्पनी ऐन, २०६३ को दफा ७३(२) बमोजिम सभाको लागि बाँडफाँड भएको कूल शेयर संख्याको पचास प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व भएकोले आवश्यक गणपुरक संख्या पुगेको जानकारी कम्पनी सचिवले सभालाई गराउनु भयो ।

२ तत्पश्चात् कम्पनी ऐन, २०६३ को दफा ७३ (२) अनुसार गणपुरक संख्या पुगेको सभाले मन्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषय सूचीको क्रमानुसार जान र तत्सम्बन्धमा प्रचलित ऐन बमोजिम कार्यवाही बढाउन सभाले अनुमति दियो ।

८. **सभाको अध्यक्षता र आसन ग्रहणः**

कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम र यस आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि. को विनियमावलीको दफा १९(१) अनुसार साधारणसभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नुपर्ने व्यवस्था भए बमोजिम कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री जगत बहादुर पोखरेलज्यूलाई सभाको अध्यक्षता ग्रहण गरिदिन हुन अनुरोध गर्नु भयो र वहाँले सभाध्यक्षको आसन ग्रहण गर्नुभयो । साथै अन्य सञ्चालकहरूले पनि क्रमशः सभामा आ-आफ्नो आसन ग्रहण गर्नुभयो ।

९. **सभाको औपचारिक उद्घाटन :**

सभाको औपचारिक उद्घाटनका लागि कम्पनी सचिवले सभाका अध्यक्षलाई अनुरोध गर्नुभए बमोजिम सभा अध्यक्षले पानसमा दीप प्रज्वलन गरी सभाको औपचारिक उद्घाटन गर्नुभयो । अध्यक्ष तथा संचालकज्यूहरुलाई संस्थाका कर्मचारी श्री मनरुपा पौडेल र दिपा थपलियाले ब्याच वितरण गर्नुभएको थियो ।

१०. **स्वागत मन्तव्य :**

सभामा उपस्थित शेयरधनी महानुभावहरु तथा अन्य उपस्थित अतिथि महानुभावहरुलाई स्वागत गरिदिनका लागि कम्पनी सचिवले सञ्चालक श्री बिनोद ज्ञवालीलाई अनुरोध गर्नुभयो र उहाँले वित्तीय संस्थाको कार्यप्रगति वारे संक्षेपमा जानकारी गराउँदै शेयरधनी महानुभावहरुलाई स्वागत मन्तव्य प्रस्तुत गर्नुभयो ।

११. **राष्ट्रिय गान**

त्यस पश्चात् उपस्थित महानुभावहरु राष्ट्रिय गानमा सहभागी हुनुभयो ।

Aarambha Chautari Laghubitta Bittiya Sanstha Ltd. Estd. 2072

१२. **सभाको सञ्चालन :**
सभाको कार्यवाही अगाडि बढाउन तथा छलफलका लागि पूर्व निर्धारित विषय सूचिहरू सभामा प्रस्तुत गर्न सभा अध्यक्षबाट कम्पनी सचिवलाई अनुमति प्रदान भयो ।

१३. **प्रस्तावहरूको प्रस्तुति :**
अध्यक्षज्यूको अनुमती अनुसार सभाको कार्यवाहीलाई अगाडि बढाउने क्रममा सञ्चालक समितिको तर्फबाट संस्थाको आर्थिक बर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न कम्पनी सचिवले सभाका अध्यक्षलाई अनुरोध गर्नु भयो र सोही बमोजिम अध्यक्षले सभामा वाचन गरि शेयरधनी महानुभावहरुलाई जानकारी गराउनुभयो ।

१४. **छलफलका लागि आव्हान**
कम्पनी सचिवले सभामा प्रस्तुत प्रतिवदनहरु उपर छलफलको लागि आव्हान गर्नुभयो तत्पश्चात सभामा उपस्थित तपसिलका शेयरधनी महानुभावहरुले आफ्नो आफ्नो मन्तव्य, जिज्ञासा, प्रश्न एवं सुझाव प्रस्तुत गर्नुभयो ।

**छलफलका क्रममा शेयरधनि वक्ताहरुले सभामा व्यक्त गर्नु भएको राय सुझाव सहितको मुख्य मुख्य विषयहरुको सारांश :**

१. **श्री डमरु बल्लभ घिमिरेः**
*यस वित्तीय संस्थाको नाम अति मिठो भएको तर यस वर्ष लाभंश वितरण गरेको भए सुनमा सुगन्ध हुने थियो, वार्षिक प्रतिवेदनमा संचालकको वर्ग छुट्याएर राखेको भए राम्रो हुन्थ्यो, महिला संचालकको व्यस्था हुनुपर्‍यो, मर्जरका नाममा जस्केलाबाट नयाँलाई ल्याएर पुरानालाई फाल्ने नहोस् भन्ने धारणा ब्यक्त गर्नुभयो ।*

२. **श्री शिव प्रसाद पौडेल :**
*यस वित्तीय संस्थाको यस वर्ष लाभांश वितरण नभएकोमा निराशा प्रकट गर्दै लघुवित्तहरुले अधिक नाफा कमाए भन्ने बजारका फटाहा समूहहरुलाई राम्रो झापट भएको, आगामी वर्ष लेखापरिक्षण प्रतिवेदन समयमा नै आउनुपर्ने र समय मित्र साधारण सभा सम्पन्न गरिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।*

३. **श्री चन्द्रनारायण श्रेष्ठ :**
*यस वित्तीय संस्थाको वित्तीय विवरणमा चालु आर्थिक वर्षमा वित्तीय संस्थाले राखेको मुनाफाको लक्ष्य पुरा गर्ने रणनीतिहरु प्रतिवेदनमा खुल्न सकेको भए धेरै राम्रो हुने, वित्तीय संस्था लामो समयसम्म का.मु. प्रमुख कार्यकारी अधिकृतबाट संचालन गर्न नहुने धारणा ब्यक्त गर्नुभयो ।*

४. **श्री शत्रुधन श्रेष्ठ**
*यस वित्तीय संस्थाको शाखा कार्यालय सुकुटेको लुटिएको रकमलाई अपलेखन गरियोस्, संस्थाको मुनाफा नभएको हैन तर धेरै रकम प्रोभिजन गर्नु परेको देदिन्छ, आगामी वर्ष संस्थागत सुशासनमा जोड दिनुपर्ने धारणा ब्यक्त गर्नुभयो ।*



Aarambha Chautari Laghubitta Bittiya Sanstha Ltd.
Estd. 2072

५. **श्री सुदिप श्रेष्ठ :**

*यस वित्तीय संस्थाको वार्षिक प्रतिवेदनमा स्पष्ट चित्रहरु राखेर बनाएको राम्रो छ त्यसरी नै लाभांश वितरण गर्न पाएको भए राम्रो हुने थियो भन्ने धारणा राख्नु भयो ।*

## १५. जिज्ञासा उपर जवाफ :

शेयरधनी महानुभावहरुले सभामा ब्यक्त गर्नुभएको वित्तीय विवरण सम्बन्धी जिज्ञासा बाह्य लेखापरिक्षकले र प्रतिवेदनमा उठेका जिज्ञासा र सुझावप्रति सभा अध्यक्षले स्पष्ट पार्दै आगामी दिनमा उहाँहरुले ब्यक्त गर्नुभएको भावना अनुरुप संस्था अघि बढाउने बचनबद्धता सहित रचनात्मक सुझावका लागि धन्यबाद ब्यक्त गर्नुहुँदै प्रस्तावहरु पारित गरिदिन सभा समक्ष अनुरोध गर्नुभयो ।

## १६. प्रस्तावहरुको प्रस्तुती :

अध्यक्षज्युबाट प्रस्तुत संचालक समितिको प्रतिवेदन र वित्तीय विवरण सम्वन्धका जिज्ञासा उपर छलफल पश्चात निर्धारित विषयवस्तुहरु सभामा अध्यक्ष्यज्युको निर्देशन अनुसार कम्पनी सचिवबाट निम्नानुसार प्रस्तुत गर्नुभयो ।

## १७. सभाका निर्णयहरु :

### क) सामान्य प्रस्तावहरु

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७८/०७९ को बार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

❖ उक्त प्रस्ताव सभामा प्रस्तुत हुँदा कर्तलध्वनिका साथ सर्वसम्मतिले पारित भयो ।

(२) आर्थिक वर्ष २०७८/०७९ को वार्षिक लेखापरिक्षण प्रतिवेदन तथा सो का आधारमा तयार पारिएको वित्तीय विवरणहरु (वासलात नाफा नोक्सान हिसाव, नगद प्रवाह बिबरण सहितको लेखा बिबरणहरु, निर्देशन अनुसारका अन्य अनुसुचीहरु तथा कर्जा नोक्सानी ब्यबस्थाको विवरण समेत) छलफल गरी पारित गर्ने ।

❖ *सो प्रस्ताव सभामा प्रस्तुत भएपछि सभाबाट सर्वसम्मत पारीत भयो ।*

(३) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस वित्तीय संस्थाको आर्थिक बर्ष २०७९/०८० को लेखापरीक्षण कार्यको लागि सोही ऐनको दफा १६५ (घ) बमोजिम लेखापरीक्षण समितिबाट सिफारिस भए बमोजिम लेखापरीक्षक नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने ।

लेखा परीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष *०७९/८० को बाह्य लेखा परिक्षण गर्न बहालवाला लेखा परिक्षक श्री प्रसिद्ध ए. एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स् पुनः नियुक्त हुन योग्य रहेकोले बाह्य लेखा परीक्षकले गर्नुपर्ने (Long Form Audit Report(LFAR) Certification (sec.78) Tax Audit निजलाई रु. ४,००,०००/-(अक्षेरुपी चार लाख मात्र) मूल्य अभिबृद्धि कर*



Arambha Chautari Laghubitta Bittiya Sanstha Ltd. Estd. 2072

*बाहेक पारिश्रमिक भुक्तानी लाग्ने अन्य भ्रमण खर्च वास्तविक विल वमोजिम भुक्तानी गर्ने प्रस्ताव सभामा पेश भएकोमा उक्त प्रस्ताव सभाबाट सर्वसम्मतिले पारित गऱ्यो ।*

**ख) विशेष प्रस्तावहरु :**

(१) भविष्यमा अन्य कुनै लघुवित्त वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) तथा प्राप्ती/समाहित (Acquisition) गर्ने/हुने प्रयोजनका लागि आवश्यक कार्यहरु गर्नका लागि संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

❖ *उक्त विशेष प्रस्ताव सभामा पेश भएपछि सर्वसम्मतिले पारित भयो ।*

(२) प्रबन्धपत्रको दफा ५ मा रहेको वित्तीय संस्थाको उद्धेश्य प्राप्त गर्न गरिने कामहरुमा विप्रेषण (Remittance) *सम्बन्धी कार्यहरु गर्न दफा ५ अन्तर्गत खण्ड (५) थप गर्ने ।*

संस्थाको प्रवन्धपत्रमा सञ्चालक समितिले पेश गरेको तीन महले बमोजिमको संशोधनलाई पारित गरियोस भनि राखिएको देहाय बमोजिमको प्रस्ताव सभाले सर्वसम्मतिले पारित गऱ्यो ।

| दफा | साविकको व्यवस्था | प्रस्तावित संशोधन | संशोधन गर्नुपर्ने कारण |
|---|---|---|---|
| ५(प) | नभएको | नेपाल राष्ट्र बैंकको स्वीकृति लिई विप्रषण ( **Rmittance)** सम्बन्धी कार्यहरू गर्ने । | समय सापेक्ष उद्देश्य प्राप्त गर्न गर्नुपर्ने कार्यहरू थप्नुपर्ने भएकोले । |

(३) प्रबन्धपत्र र नियमावलीमा संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायहरुबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोही बमोजिम सञ्चालक समिति वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

❖ *सो विशेष प्रस्ताव सर्वसम्मतिले पारित भयो ।*

## ग. विविध :

साधारण सभा सम्वन्धि थप जानकारीको १० नं. विषय अर्न्तगत उल्लेख भएको व्यवस्था बमोजिम छलफलको विषय अर्न्तगत विविध शिर्षकको सम्वन्धमा शेयरधनी महानुभावहरुले कुनै विषय उपर छलफल गर्न चाहेमा सो विषय बारे सभा हुनुभन्दा ७ दिन अगावै वित्तीय संस्थाको केन्द्रिय कार्यालयमा लिखित रुपमा प्रस्ताव दर्ता गराउन सूचना गरिएकोमा सो वमोजिम कुनै पनि शेयरधनी महानुभावहरुबाट छलफलका लागि कनै पनि विषय दर्ता नभएकोले विषयसूची विविध



Arambha Chautari Laghubitta Bittiya Sanstha Ltd.
Estd. 2072

अर्न्तगत छलफलको लागि कुनै विषय नभएको कुरा सभा समक्ष जानकारी गराउँदै कम्पनी सचिवले सबैलाई धन्यवाद दिर्दै सभा विर्सजन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो ।

## १८. धन्यवाद ज्ञापन तथा सभा विसर्जन :

बार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिबाट पेश भएका प्रस्तावहरुलाई सर्वसम्मतिले पारित गरिदिनु भएकोमा अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । साथै, सभालाई सफलतापूर्वक सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, बाह्य लेखापरीक्षक, शेयर रजिष्ट्रार मुक्तिनाथ क्यापिटल लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, विभिन्न बैंक तथा वित्तीय संस्थाहरु एवं अन्य सुभेच्छुकहरु साथै मिडियाकर्मि साथीहरु प्रति संचालक समितिको तर्फबाट हार्दिक आभार एवं कृतज्ञता व्यक्त गर्नुभयो । साथसाथै संस्थाको व्यवस्थापन समुह लगायत सम्पूर्ण कर्मचारीहरुलाई धन्यवाद दिदै आगामी दिनहरुमा पनि सवैबाट निरन्तर सहयोगको अपेक्षा राख्दै सातौं बार्षिक साधारण सभामा उपस्थित सवै प्रति कृतज्ञता व्यक्त गर्दै अपरान्ह २:०० बजे साधारण सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

| | | |
|---|---|---|
| ........................ | Arambha Chautari Laghubitta Bittiya Sanstha Ltd. Estd. 2072 | ........................ |
| शिव प्रसाद ज्ञवाली | | जगत बहादुर पोखरेल |
| कम्पनी सचिव | | अध्यक्ष |

सभा सम्पन्न मिति : २०७९ साल चैत्र ३० गते (तदनुसार २०२३, अप्रिल १३) विहीबार ।